# राष्ट्रिय मानव अधिकार आयोग

सबैका लागि मर्यादा, समानता तथा न्याय

मानव अधिकारपत्र, भदौ र असोज २०८१

## लैङ्गिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग नेपालले राष्ट्रिय मानव अधिकार संस्थाहरुको एशिया मञ्चको आयोजनामा तथा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमलगायत संस्थाहरूको सहकार्यमा समन्वयमा भदौ १८ -२०, २०८१ (तद्नुसार सेप्टेम्बर ३-५,२०२४) मा काठमाडौंमा 'राष्ट्रिय मानव अधिकार संस्थाहरुमा लैङ्गिक समावेशीकरण अन्तर्राष्ट्रिय सम्मेलन' आयोजना सम्पन्न भएको छ । यस सम्मेलनमा १९ देशका ३८ अन्तर्राष्ट्रिय प्रतिनिधि र नागरिक समाजका करिब २५० जनाको सहभागिता रहेको छ ।सम्मेलनको उद्घाटन नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली र समापन माननीय उपप्रधानमन्त्री प्रकाशमान सिंहले गर्नुभएको छ।

सम्मेलनको मुख्य उपलब्धि "काठमाडौं घोषणापत्र" हो, जसमा लैङ्गिक समानता, मानव अधिकारको सम्मान, र समावेशीकरणमा एशिया प्रशान्त क्षेत्रका सरकार, मानव अधिकार संस्था, र सरोकारवाला निकायहरूलाई तत्काल कदम चाल्न आह्वान गरिएको छ। सम्मेलनले जलवायु परिवर्तन र लैङ्गिक न्यायको सवालमा गहिरो छलफल गर्दै नीति निर्माणमा महिलाको सहभागीता र लैङ्गिक दृष्टिकोणलाई प्राथमिकतामा राख्ने कुरामा जोड दिएको छ।

यस घोषणापत्रले लैङ्गिक समानताको प्रवर्द्धन, बहुलवादको सम्मान, र मानव अधिकारको सुरक्षामा उल्लेखनीय योगदान पुर्याउने अपेक्षा गरिएको छ। यो सम्मेलनले लैङ्गिक समावेशीकरणमा नयाँ युगको सुरुवात भएको संकेत गरेको छ।

### ९ बुँदे काठमाडौंमा घोषणापत्र जारी









स्वतन्त्रता | विश्वास | न्याय | मर्यादा | समानता | शान्ति | विधिको शासन

## महिनाका प्रमुख गतिविधिहरू

### पाँचथर विष्फोटको घटनाका घाइते बालकहरूको स्वास्थ्य अवस्था सम्बन्धमा आयोगको उच्चस्तरीय टोलीद्वारा अनुगमन






... बाकि पृष्ठ ४ मा

## अन्तरलिङ्गीका मानव अधिकारबारे सरोकारवालाबिच छलफल

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतका तथा क्याम्पेन फर चेन्जको सहयोगमा अन्तरलिङ्गिहरुको मानव अधिकारबारे सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम मिति २०८१ भदौ १४ गते कर्णाली प्रदेश कार्यालय सुर्खेतका प्रमुख रमेश कुमार थापाको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयका प्रतिनिधिहरु, कर्णाली प्रदेश मानव अधिकार रक्षकका अध्यक्ष, अनौपचारिक क्षेत्र सेवा केन्द्र, (इन्सेक) कर्णाली प्रदेश संयोजक, राष्ट्रिय अपांङ्ग महासंघ, गैरसरकारी संस्था महासंघ जिल्ला अध्यक्ष सहित मानव अधिकारको क्षेत्रमा क्रियाशील संघ संस्था, नागरिक समाजका व्यक्तिहरुको सहभागीता रहेको थियो । उक्त छलफल तथा अन्तरक्रिया कार्यक्रममा अन्तरलिङ्गिहरुको मानव अधिकार सम्बन्धमा क्याम्पेन फर चेन्जका इसान रेग्मीले आफ्नो प्रस्तुतीकरण राख्नु भएको थियो ।

आयोग कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेशकुमार थापाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै मानव अधिकार संरक्षण र संबद्र्धनमा विभिन्न निकायहरुबिचको समन्वय तथा सहकार्यको आवश्यकताबारे भनाई राख्नु भएको थियो ।कार्यक्रममा सहभागीहरुबाट अन्तरलिङ्गिका मानव अधिकारसम्बन्धी विषयमा जिज्ञासा राखिएको थियो भने अवधारणा प्रस्तुतकर्ता इसान रेग्मीले जिज्ञासाहरुको सम्बोधन गर्नुभएको थियो ।






## मानव अधिकारको दृष्टिकोणबाट अनुगमन ग्रामथानको जग्गा प्रकरण

सुनसरी ।सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका वडा नं. १ आँपगाछीस्थित थारु समुदायको परम्परागत पूजास्थल देवस्थान ग्रामथानको जग्गा अतिक्रमण र सो जग्गाको धनीपुर्जाका लागि स्थानीय तहबाट सिफारिस नदिइएको भनी आयोगमा परेको उजुरीमाथि आयोगको कोशी प्रदेश कार्यालयको टोलीले आकस्मिक अनुगमन गरेको छ। अनुगमनको क्रममा टोलीले स्थलगत अवलोकन, उजुरीकर्ता, थारु समुदाय, इटहरी उपमहानगरपालिका प्रमुख, वडा नं. १ का जनप्रतिनिधि, युथ क्लबक अध्यक्षसंग छलफल र कुराकानी गरेको थियो साथै स्थानीय तहले दुवै पक्षको सामाजिक मान्यतालाई ध्यानमा राख्दै विवाद समाधानका लागि सकारात्मक पहल गरिरहेको भन्ने अनुगमन टोलीको निष्कर्ष रहेको पाइयो ।



## आयोगका अधिकृतहरुलाई प्रशिक्षकहरुकोलागि प्रशिक्षण (TOT) कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग र अन्तर्राष्ट्रिय श्रम संगठनको संयुक्त आयोजनामा, आयोगमा कार्यरत ३१ जना अधिकृत कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको आधारभूत सिद्धान्त र कार्यस्थल अधिकार सम्बन्धमा ३ दिन प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। समानता, न्याय, स्वतन्त्रता, सम्मान, सहिष्णुता, पारदर्शिता, र उत्तरदायित्व जस्ता प्रमुख सिद्धान्तहरू नै नैतिक आचरणको आधार हुन्। अन्तर्राष्ट्रिय श्रम संगठनका मूलभूत सिद्धान्तहरु सामाजिक न्याय र श्रमिकहरुको अधिकारको संरक्षणमा आधारित छन्। यो तालिममा बाल श्रमको अन्त्य, जबरजस्ती श्रमको रोकथाम, लिङ्ग समानताको प्रवर्धन, र जातीय तथा सामाजिक भेदभावको उन्मूलनमा बढी केन्द्रित रहेको छ । उद्घाटनको अध्यक्षता माननीय डा. सूर्यप्रसाद ढुंगेलज्युद्वारा भएको छ भने समापन समारोह र प्रमाणपत्र वितरण सचिव मुरारिप्रसाद खरेलज्युद्वारा सम्पन भएको छ । ।

यस कार्यक्रमको उद्देश्य भनेको श्रम अधिकारको संरक्षण गर्ने आफ्नो कार्यदिशको एक भागको रूपमा नेपालमा FPRW लाई प्रवर्द्धन र कार्यान्वयन गर्न NHRC को क्षमता अभिवृद्धि गर्नु हो।







## नेपाल सरकारको दोश्रो कार्ययोजनाको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजना तथा द स्टोरी किचेन र द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जालको सहकार्यमा मिति २०८१ असोज २ गते संयुक्त राष्ट्र संघको सुरक्षा परिषद १३२५ र १८२० नेपाल सरकार दोश्रो कार्ययोजनाको कार्यान्वयनको अवस्था र प्रगतिका सम्बन्धमा कर्णाली प्रदेशस्तरीय कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद १३२५ र १८२० नेपाल सरकार दोश्रो कार्ययोजना, प्रदेश निर्देशक समिति, जिल्ला निर्देशक समितिसहितका विषयमा द स्टोरी किचेनका जया लुईंटेलले प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुले कार्ययोजना कार्यान्वयन प्रभावकारी हुन नसकेको विषयलाई गम्भीरताका साथ उठाएका थिए । कार्यक्रमका प्रमुख अतिथि तथा कर्णाली प्रदेश सभा सदस्य माननीय कृष्ण जिसीले यस विषयमा आफू मन्त्री हुँदा कार्यान्वयनमा लैजान भुमिका खेलेको र आउँदा दिनमा आफ्नो भुमिका प्रभावकारी हुने बताउनु भएको थियो । संयुक्त राष्ट्र संघको सुरक्षा परिषद १३२५ र १८२० नेपाल सरकार दोश्रो कार्ययोजनाको कार्यान्वयन गर्न सबैको भुमिका रहने र यो साझा विषय रहेको हुँदा सबै सरोकारवाला निकाय गम्भीर भई कार्यान्वयनमा लैजानुपर्ने कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेश कुमार थापाले बताउनु भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश कार्यालयका प्रमुख रमेश कुमार थापाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कर्णाली प्रदेश सभा सदस्य माननीय कृष्ण जिसी प्रमुख आतिथि रहुनभएको थियो । कार्यक्रममा जिल्ला समन्वय प्रमुख गंगाराम सुनार, प्रमुख जिल्ला अधिकारी शंकरहरी आचार्य, आन्तरिक मामिला तथा कानून मन्त्रालयका उत्तम गौतम र नेपाल सरकार विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, मानव अधिकारकर्मी, कानून व्यवसायी, द्वन्द्व पीडित तथा प्रभावित र सञ्चारकर्मीको सहभागिता रहेको थियो ।







# पाँचथर घटनाका सम्बन्धमा आयोगद्वारा अनुगमन

.......पाँचथर जिल्लाको फालेलुङ्ग गाउँपालिका वडा नं ५ डाँडागाउँमा भदौ १३ गते भएको विष्फोटमा घाइते बालबालिकाहरूको स्वास्थ्य अवस्थाबारे अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगर नेतृत्वको उच्चस्तरीय टोलीले मिति २०८१ भदौ २४ गते अनुगमन गरेको थियो । किर्तिपुर अस्पतालको Nepal Cleft and Burn Centre मा पुगी उपचाररत बालबालिकाको अविभावक, उपचारमा संलग्न चिकित्सकहरू, अस्पतालका कार्यकारी निर्देशक लगायतसँग भेटी निजहरूको स्वास्थ्य अवस्था तथा उपचारको सम्बन्धमा जानकारी लिएको छ । साथै, घाइते बालकहरूको उपचारलाई निरन्तरता दिन, स्वास्थ्य उपचार खर्च तत्काल उपलब्ध गराउन, घाइते तथा मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न, पीडित परिवारलाई जिवीकोपार्जनको व्यवस्था मिलाउन, जलनको उपचार गरिने अस्पतालहरूमा विशेषज्ञ सेवासहित आवश्यक उपकरणहरूको व्यवस्था गरी अस्पतालको सवलीकरण गर्न, विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.१.४ र यस सम्बन्धमा आयोगले पटक–पटक गरेका सिफारिसबमोजिम सशस्त्र द्वन्द्वको समयमा प्रयोग भएका विष्फोटक पदार्थहरू निष्कृय पारी पुनः यस प्रकारका घटना दोहोरिन नदिन प्रेस विज्ञप्तिमार्फत आयोगले नेपाल सरकारलाई आग्रह गरेको छ ।

अनुगमनमा माननीय सदस्य डा. लिली थापा, आयोगका सचिव मुरारिप्रसाद खरेल र अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुख माया देवी शर्माको सहभागिता रहेको थियो ।

## एकद्वार संकट व्यवस्थापन केन्द्रको अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश बुटवलका कार्यालय OCMCs (महिला हिंसा पीडित उपचार केन्द्र) को कार्यसम्पादन र प्रभावितहरुको मानव अधिकार अवस्थाबारे अनुगमन गर्न लुम्बिनी प्रदेश कार्यालयका प्रमुख श्री हरि प्रसाद ज्ञवाली को नेतृत्वमा एक अनुगमन टोली पाल्पा, अर्घखाँची र रुपन्देही जिल्लामा रहेको OCMCs को मिति २०८१ कात्तिक २१ र २३ गते अनुगमन गरेको थियो। अनुगमनको उद्देश्य महिला हिंसा पीडितका लागि उपलब्ध सेवाहरुको प्रभावकारिता मूल्यांकन गर्नु र तिनका मानव अधिकार अवस्थाबारे जानकारी संकलन गरेको।

पाल्पा अस्पताल (OCMCs) मा आ.व. २०८०।८१ मा हिंसा पीडित ४१ जना सेवा लिन आएका छन्। यस मध्ये २६ जना यौनजन्य हिंसाबाट, ७ जना शारिरिक दुर्व्यहारबाट, ७ जना बालविवाह र १ जना मानसिक दुर्व्यहारका पीडित रहेका छन्। अस्पतालले शारीरिक परीक्षण, HIV/AIDS परीक्षण, गर्भपरीक्षण, मनोसामाजिक परामर्श लगायतका सेवाहरु उपलब्ध गराएको थियो। अधिकांस पीडित बालिका र एक जना वृद्ध महिला रहेको जानकारी प्राप्त भएको छ। सन्धिखर्क अस्पतालमा पनि हिंसा पीडितका लागि सेफ हाउस र पुनर्स्थापना सेवा उपलब्ध गरिएको छ। आ.व. २०८०।८१ मा १७ जना पीडितलाई सेवा दिइएको छ, जसमा महिलाहरुको संख्या बढी रहेको पाइन्छ। यस अस्पतालले उपचार, कानूनी परामर्श, र सुरक्षित आवास प्रदान गर्ने काममा निरन्तरता राखेको देखियो ।

लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलले आ.व. २०८१।८२ को तेस्रो त्रैमासिकमा २४ वटा हिंसा घटनाका पीडितलाई सेवा पुर्‍याएको छ। यहाँ बलात्कार, यौनजन्य दुर्व्यवहार, शारीरिक दुर्व्यवहार, र मानसिक हिंसाका घटनाहरु पाइएको छ।

प्रहरी र अस्पतालहरुको सहकार्यमा हिंसा पीडितका लागि स्वास्थ्य सेवा, कानूनी परामर्श र सुरक्षा व्यवस्थामा सुधार आएको भन्ने अनुगमन टोलीले बताएको । प्रत्येक अस्पतालमा नियमित मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको छ भने, शारीरिक तथा मानसिक उपचारका लागि विशेष ध्यान दिइएको छ। एकद्वार संकट व्यवस्थापन केन्द्रमा लैंगिक हिंसा लगायातबाट प्रभावित महिला, बालबालिका, पुरुष तथा लैंगिक तथा यौनिक अल्पसंख्यकको सेवामा पहुँच स्थापित गर्दै मानव अधिकारको रक्षा तथा कानुनी उपचार गर्दै पुनःस्थापनाका सहयोगका क्षेत्रहरुको कार्यन्वयन मार्फत प्रवर्धनात्मक तथा प्रतिरोधात्मक कार्य विस्तार गर्दै सरकारी तथा गैर सरकारी निकाय बिचको समन्वय वृद्धि तथा संगठनात्मक व्यवस्थाको प्रभावकारी भुमिकामा बढोत्तरी गर्नुपर्ने देखिएको भन्ने अनुगमन टोलीको निष्कर्ष रहेको छ।

## मोरङको भोक्राहा नरसिंहमा निर्माण विवादमा आयोगले गरेको अनुगमन

७ नं. वडा स्थित जनता माध्यमिक विद्यालय निर्माण विवादको विषयमा आयोगले अनुगमन गरेको छ । स्थल निरीक्षणमा विद्यालयका प्रमुख जदुलाल शाह, ७ नं. वडा अध्यक्ष बौवालाल यादव, वडा सदस्य हिरालाल उराव, शिक्षा अधिकारी रमेशचन्द तिमिल्सिना, र पीडित शिवन मरिक लगायतका व्यक्तिहरू स्थल निरीक्षणमा उपस्थित रहेको।घटनास्थलमा निर्माणाधीन भवनमा १२-१४ वटा स्तम्भ खडा गरिएको, चादरको छाना राखिएको र केही निर्माण सामग्री, जस्तै इँट्टा र सिमेन्टमा क्षति पुगेको अनुगमनमा पाइएको छ । अनुगमनको क्रममा केहि स्थानमा सामाग्री सडेको र आसपासको क्षेत्र अस्तव्यस्त बनेको अनुगमन टोलीले अनुगमन गर्दा पाइएको छ ।

आयोगले विवाद समाधान गर्न स्थानीय प्रशासन र विद्यालय प्रमुख जदुलाल शाह बीच सामूहिक बैठक र छलफलको आयोजना गरेको देखियो । यस घटनाले स्थानीय समुदायमा चासो र चिन्ता उत्पन्न गरेको, र अनुगमनबाट प्राप्त तथ्यलाई आधार मानी यी र यस प्रकृतिका समस्या र चुनौतीलाई सम्बोधन गरी चुस्तदुरुस्त रूपमा सेवा प्रवाह गर्न आयोगको टोलीले अनुगमन प्रतिवेदन तयार गरी आवश्यक सिफारिससमेत गरेको छ ।






## आमरण अनशनको अनुगमन



कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्की विभिन्न माग राखी गरेका आमरण अनशन बस्नुभएका र अनशनस्थलमा अवस्थामा प्रहरीबाट भएको हस्तक्षेप सम्बन्धमा आयोगको टोली मिति भदौ २६ गते अनुगमन गरेको छ।

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले आफु मुख्यमन्त्री हुँदा सुरु गरेका योजना कटौती गरेका भन्दै २०८१/०५/२५ गते विभिन्न माग राखी प्रदेश सभा अगाडी अनशन सुरु गर्नुभएकोमा गृह प्रशासनले सो स्थान क्षेत्र रहेको भनी हस्तक्षेप गरी उहाँलाई हटाएको र उहाँले पुनः देवकोटा चोकमा मंगलबार आमरण अनशन सुरु गर्नुभएको भन्ने बुझिएको। अनशनरत पक्षहरुलाई गृह प्रशासनले हस्तक्षेप गर्दा प्रहरी लगाई आफूहरुलाई लाठी चार्ज गरेको, लछारपछार पार्दै प्रहरीको गाडीमा हालेको, सोही क्रममा करिब ३०/३५ जना आफ्ना समर्थकहरु घाइते भएका, महिला समर्थकमाथि पुरुष प्रहरीले हातपात गरी आफूहरु माथि निर्मम दमन गरेको भनी अनशनरत पक्षले आयोगको टोलीलाई जानकारी गराएको। समग्रमा अनशनरत पक्षहरुले यस प्रकारका कार्यबाट शान्ति सुरक्षामा खलल नपर्ने गरी आफ्नो अधिकारको प्रयोग गर्ने तथा गृह र प्रशासनले शान्तिपूर्वक गरिएका अनशन र प्रदर्शनमा बल प्रयोग नगर्न र गरेमा पनि कानूनी दायरामा रही सो कार्य गर्नुपर्ने देखिन्छ भने आयोगको टोलीको निष्कर्ष रहेको छ।

# खाद्य समाग्रीको स्थलगत अनुगमन

खोटाङ्ग जिल्लाका दुवै नगरपालिकामा किराना पसल, उद्योग वाणिज्य संघ (खोटाङ्ग), डिलर र अन्य व्यवसायको अनुगमन कार्य सम्पन्न भएको छ। अनुगमनका क्रममा विभिन्न पसलहरूमा म्याद गुज्रिएका सामानहरूको चेकजाँच गरिएको र केही पसलहरूमा म्याद गुज्रिएका सामान फिर्ता गर्ने प्रक्रिया अपनाइएको पाइयो। यसका साथै, नापतौल मेशिनहरूको अवस्थाबारे मूल्याङ्कन गरिएको छ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाः गणपति जेनेरल एण्ड सप्लायर्स – म्याद गुज्रेका सामानहरूसँग सम्बन्धित कुनै ठूलो समस्या पाइएको छैन। केवल एक डोनट म्याद गुज्रेको पाइयो, जबकि अन्य सामाग्रीहरू नयाँ थिए। काली देवी जनरल स्टोर – सबै समाग्री म्याद गुज्रिएको छैन। पसलवालाले म्याद गुज्रेका सामान फिर्ता लिने कुरा पनि उल्लेख गरे। खुसी पोलिक्लिनिक – औषधिहरू नयाँ म्यादको पाइयो र सफा अवस्था भेटियो। पेप्सी डिलर – म्याद गुज्रेका पेय पदार्थहरू नष्ट गर्नको लागि तयार गरिएको पाइयो।

## ........एकद्वार संकट व्यवस्थापन केन्द्र खोटाङले गरेको अनुगमन

२०८१ कात्तिक २७ गते एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सञ्चालन र अवस्था सम्बन्धमा जिल्ला अस्पताल खोटाङको स्थलगत अनुगमन साथै अस्पतालका प्रमुख डा.रुपेश संग्रौलासँग यस सम्बन्धमा छलफल कार्य सम्पन्न गरेको थियो।

यस अनुगमन एकद्वार सङ्कट व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन निर्देशिका,२०७७ को आधारमा गरिएको थियो। कोशी प्रदेश मानव अधिकार आयोग, खोटाङ शाखाले एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको स्थलगत अनुगमन र छलफल गर्दै प्राप्त तथ्यहरु अनुसार, यो केन्द्र २०७८ सालदेखि सञ्चालनमा आएको छ र हाल बालसेवा समाजसँग सहकार्यमा ३ कोठाको बस्ने व्यवस्था मिलाइएको छ भन्ने बुझिएको।

डा. रुपेश संग्रौलाका अनुसार, घरेलु हिंसाका घटनामा पीडितलाई प्रायः अस्पतालमा ल्याइन्छ र अस्पतालले उपचार र खर्चको व्यवस्था गर्दछ। गत आर्थिक वर्षमा ६२ घटनामा देखिएका थिए भने यो वर्ष ३२ घटना घटिसकेका छन्। अस्पतालले अन्य अस्पतालमा रेफर गर्ने सेवासमेत प्रदान गर्दै, पीडितहरूको गोप्य नाम र अभिलेख व्यवस्थापन गर्दै उपचार र परामर्श सेवा उपलब्ध गराइरहेको छ। यद्यपि, आर्थिक र जनशक्ति अभावका कारण केही चुनौतीहरू छन्। केन्द्रको हालको अवस्था भने पुरानो र जिर्ण रहेको देखिएको छ, तर पीडितका लागि सुरक्षा र बस्ने व्यवस्था सुनिश्चित गरिएको, सरकारी र गैर सरकारी निकायसँग समन्वय गरेर सेवाहरूको सुधार र विस्तारको प्रयास देखिएको भन्ने अनुगमन टोलीको निष्कर्ष रहेको छ।







म्याद गुज्रेका सामानहरू फिर्ता लिने गरिएको पाइयो र सबै सामानको अवस्थासमेत सामान्य थियो। यसै सन्दर्भमा अनुगमनको क्रममा खोटाङ्ग उद्योग वाणिज्य महासंघले निकालेको दैनिक उपभोग्य मूल्य सुचिहरु प्रत्येक किराना पसलमा टाँसेको भेटियो। खाध समाग्रीहरु चेक जाँच गर्दा म्याद गुज्रेको सामानहरु भेटिएन। नाप जोख गर्ने मेशिनहरु सामान्य अवस्थाको भेटियो। भारी वर्षा र त्यस्ले निम्त्याएको बाढी पहिरोले गर्दा सडक अवरुद्द भएको कारणले आयात-निर्यात ठप्प जस्तै भएको र सामानको माग पुरा गर्न अन्य वैकल्पिक बाटोको प्रयोग हुन थालेको जानकारी अनुगमन टोलीलाई प्राप्त भएको ।औषधी पसल र मासु पसलको अनुगमन गर्दा म्याद गुज्रेको औषधी वा मासु विग्रेको भाटिएन भन्ने जानकारी पाइयो ।

डिलर तथा पसलवालाहरुलाई बिग्रेको सामनहरु नष्ट गर्नुपर्ने जानकारी भएको र नष्ट समेत बेलाबेला गरिरहने भनि जानकारी प्राप्त भयो। पेप्सीको डिलरमा अनुगमन गर्न जाँदा,म्याद गुज्रेको पेय पदार्थहरु बाहिर नष्ट गर्न निकालिएको भेटियो। केहि हप्ता अगाडि मात्र बजारको अनुगमन भएको र सोको क्रममा दिक्तेल रुपाकोट मझुवागढि नगरपालिकाको नुनथला, सोल्मा, ऐसेलुखर्क र हलेसी तुवाचुङ नगरपालिकाको महादेवस्थान हलेसी बजार र अखौंलेमा सामानहरुको चेक-जाँच गरि केहि म्याद गुज्रेको सामानहरु नष्ट समेत गरेको जानकारी प्राप्त भएको।









## नाकाबन्दी घटनाको अनुगमन

सिरहा जिल्लाको नरहा गापा वडा नं. १, गौरहा वस्ने दलित समुदाय (सदाय / मुसहर) का घरधुरीहरूलाई निजी जग्गामा प्रवेश गर्न नदिने र आवतजावतमा रोक लगाउने कार्य भएको थियो भन्ने आयोगको टोलिले २०८१ असोज १२ गते अनुगमन गरिएको थियो ।
टोलि घटना स्थलमा पुग्दा जग्गाधनिले छेकबार हटाउने कार्य गरेका थिए। तिन चार ठाउँमा लगाएको काडाको छेकवार हटाइ खुल्ला गरेको पाइएको थियो। सो छेकवार हटाउदा जग्गाधनिले प्रयोग गरेको हथौडा छेकबार रहेके स्थानमा छाडी गएको पनि पाइएको थियो ।
टोलिले उक्त दलित वस्तीमा रहेका नागरिकहरुको अन्य मानव अधिरकारको अवस्थाबारे बुझदा उक्त बस्तिमा रहेका दलितहरुको नागरकिका बालबालिकाहरु कोही पनि विद्यालय नगएको पाइयो। जन्म दर्ताको सन्दर्भमा समस्या नरहेका वताएका थिए । उक्त वस्तिदेखी २० मिनेटको दुरीमा विद्यालय रहेतापनि पढन नपठाएको पाइयो । यस विषयमा वडाध्यक्ष अनुसार यस वस्तिका दलित नागरिकहरुलाइ औपचारिक अनौपचारिक दुवै किसिमको शिक्षा प्रदान गर्नका लागी व्यवस्था गर्दा गराउदा पनि अध्ययन गरेन मानेनन । वस्तिमा पढाउनका लागी शिक्षक पढाउनका लागी पठाउदा कोही पनि पढि दिएनन् भनि वताउनु भयो ।
उक्त रोकटोक अनुगमन टोलि पुगेपछी जग्गाधनि रामचरित्र यादवले हटाइ दिएको हुनाले यस विषयमा निजलाइ कारवाही गर्नु पर्ने स्थिती देखिएन । यस्तो विषय नहुन दिनका लागि राष्ट्रिय दलित आयोगका अध्यक्षले इलाका प्रहरी कार्यालय, नरहाका इन्चार्ज सइ यादवलाइ फिल्ड मै निर्देशन दिनु भएको र जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितलाइ आयोगको जनकपुर कार्यालय प्रमुखले निर्देशन दिनु भएको हुनाले पुनः सोको पुनरावृति हुने वा नहुने कुराको निगरानि गर्नु पर्ने देखियो ।

### जिल्ला कारागार उदयपुरमा कारागार व्यवस्था र कैदीबन्दीको अवस्थाबारे संक्षिप्त अनुगमन

**विराटनगर, २०८१ असोज ६** – राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोलीले उदयपुर स्थित कारागारको स्थलगत अनुगमन गरेको छ। अनुगमन टोलीले कारागारका भौतिक पूर्वाधार, कैदीबन्दीहरूको अवस्थिति, र सुरक्षा व्यवस्थाबारे विवरण सङ्कलन गर्दै, सुधारका लागि केही महत्वपूर्ण सुझावहरू प्रस्तुत गरेको छ।
अनुगमनका क्रममा आयोगको टोलीले देखा परेका मुख्य तथ्यहरू भनेका छन् कि, कारागारको क्षमता ६० जनाको भए तापनि, यहाँ २३७ जना कैदीबन्दीहरू रहेका छन्, जसमा १० महिला र २२७ पुरुष छन्। एकै स्थानमा बढी संख्या रहेको कारण कैदीबन्दीहरूको जीवनयापन र स्वास्थ्यको अवस्था चुनौतीपूर्ण रहेको छ।
हालको अवस्थामा, कारागार प्रशासनले कैदीबन्दीहरूको लागि सीपमूलक तालिमहरूको व्यवस्था गरेको छ, जसमा बाँसको समाग्री, सिलाइ-बुनाइ, काठको काम र योग शिविर जस्ता कार्यक्रमहरू समावेश छन्। साथै, प्रशासनले कैदीबन्दीहरूको भेटघाटका लागि समय निश्चित गर्दै सामाजिक सञ्जाल र मानसिक स्वास्थ्य सुधारका लागि पनि कार्यक्रम सञ्चालन गरेको बताइएको छ।
तर, कारागारमा अझै पनि केही सुधारका क्षेत्रहरू छन्। महिला कैदीबन्दीहरूको कक्ष अत्यन्तै साँघुरो रहेको र सरसफाइका उपायहरूमा थप ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ। खानेपानी र शौचालयको व्यवस्थापन प्रशंसनीय भए पनि यसलाई अझ प्रभावकारी बनाउनुपर्ने सिफारिस गरिएको छ।

# ओखलढुंगा जिल्लाको जिल्ला कारागार र जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षको मानव अधिकारको अवस्था सम्बन्धमा गरिएको अनुगमन

कोशी प्रदेश शाखा कार्यालय खोटाङले ओखलढुंगा जिल्लामा रहेको जिल्ला कारागार र प्रहरी हिरासतको अनुगमन गरेको छ। अनुगमनको क्रममा प्राप्त तथ्यहरूबाट कारागार र हिरासतका थुनुवा र कैदीहरूको अवस्थाबारे केही महत्त्वपूर्ण जानकारी प्राप्त भएको छ। ओखलढुंगा जिल्ला कारागारमा ९७ जना कैदी रहेका छन्, जसमा ८९ जना पुरुष र ८ जना महिला छन्। यसमा पुरुष कैदीहरूको लागि १५ जनाको क्षमता रहेको स्थानमा ८९ जना रहेका छन्, जुन अत्यधिक भीडभाडको स्थिति हो। कारागारको भौतिक संरचना पुरानो र जिर्ण अवस्थामा छ, जसले शारीरिक र स्वास्थ्य जोखिमलाई बढावा दिएको छ। साथै, कारागारमा स्वास्थ्यकर्मीको अभाव छ, र कैदीहरूको स्वास्थ्य परीक्षणको प्रबन्ध छैन, जसले स्वास्थ्य अधिकारको उल्लंघनको सम्भावना बढाउँछ। कारागारको आफ्नो गाडी नभएको कारण कैदीहरूको उपचारका लागि बाहिर जान कठिनाइ भएको छ। कानूनी सहायता प्राप्त गर्न कैदीहरूलाई कुनै ठूलो समस्या नभए पनि, टेलिफोनको मात्र एक साधन रहेकोले परिवारसँग सम्पर्कमा कठिनाई भएको पाइयो।

जिल्ला प्रहरी कार्यालयको हिरासत कक्ष सामान्यतया सन्तोषजनक अवस्थामा रहेको देखियो, जहाँ महिला, पुरुष र बालबालिकाका लागि छुट्टाछुट्टै कक्ष र शौचालयको व्यवस्था गरिएको छ। तथापि, प्रहरी प्रमुखका अनुसार जिल्ला प्रहरी कार्यालयमा सुरक्षा चुनौतीहरू रहेका छन्। भौगोलिक विकटता र सीमित स्रोतका कारण प्रहरीहरूले सुरक्षा र उद्धार कार्यमा समस्याहरूको सामना गर्नुपरेको छ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरूले थुनुवा र कैदीहरूको अधिकारको संरक्षण सुनिश्चित गरेका छन्, तर ओखलढुंगा कारागार र हिरासतको अवस्था भने यी अधिकारहरूको पालना गर्न कठिन बनिरहेको छ। जिर्ण अवस्था, स्वास्थ्य सेवामा कमी, अत्यधिक भीडभाड र सुरक्षाका समस्याहरूले मानव अधिकारको उल्लंघनको जोखिमलाई बढाएको छ। यसैले, सरकार र सम्बन्धित निकायहरूले कारागार र हिरासतको संरचनात्मक सुधार, स्वास्थ्य सेवाको प्रबन्ध, सुरक्षा सुविधा र कानूनी सहायता प्रणालीमा सुधार ल्याउन आवश्यक छ।





# सर्लाही जिल्लाको प्रमुख समाचारहरूको अवस्था सम्बन्धमा गरिएको अनुगमन

आयोगको जनकपुरधाम कार्यालयमा विभिन्न घटना सम्बन्धि विभिन्न घटना जस्तै बम बिक्रम थापाको घरको विवाद सम्बन्धि घटना, बयलवास सर्लाहीमा भएको विद्यार्थीहरु बिचको घटना सम्बन्धमा आयोगको जनकपुरधाम कार्यालयले स्थलगत अनुगमन गरेको छ ।अनुगमनको क्रममा टोलीले स्थलगत अवलोकन, कार्यालय प्रमुख र सम्बद्ध कर्मचारी साथै प्रमुख सुचना दातासित छलफल र कुराकानी गरेको छ ।







... बाकि पृष्ठ १२ मा

# आमउपभोक्ताको अधिकार सुनिश्चित गर्न आयोगको आग्रह

नेपालीहरुको चाड दशैं, तिहार र छठ पर्व नजिकिँदै जाँदा दैनिक उपभोग्य खाद्यान्न तथा अन्य वस्तुहरुको विक्री वितरणको अवस्था र उपलब्धता, सार्वजनिक यातायातको व्यवस्थापनलगायतका विषयमा आयोगले अनुगमन गरेको छ ।

आयोगले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन एवम् सो अन्तर्गतका सुपथ मूल्यका पसलहरु, सुपर मार्केट र खुद्रा किराना पसलहरु तथा काठमाडौं उपत्यकाका बल्खु, कलंकी, नयाँ बसपार्क, गौशाला र कोटेश्वर क्षेत्रमा रहेका यातायात व्यवसायी केन्द्रहरु र सेवाग्राहीहरुसँग जानकारी लिएको छ । तरकारी तथा खाद्यान्न सम्बन्धमा गरिएको अनुगमनको क्रममा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशनले सुपथ मूल्यका पसलहरु सञ्चालन गरेको, दशैं, तिहार, छठ नजिकिँदै जाँदा तरकारीजन्य सामग्रीहरुको मूल्यमा अत्याधिक वृद्धि हुँदै गएको र एकै प्रकारका सामानहरुमा खुद्रा पसलहरुमा भन्दा ठूला सुपरमार्केटको मूल्यमा अधिकांशमा धेरै बढी मूल्य रहेको पाइएको छ ।

यातायाततर्फ चाडपर्वमा सर्वसाधारणलाई आवतजावतमा सहज बनाउनका लागि अग्रिम टिकट बुकिङ्गको लागि अनलाइन व्यवस्था गरिएको र यातायात व्यवस्था विभाग लगायतका निकायबाट तोकिएको भन्दा बढी भाडा लिन नपाउने व्यवस्था गरिएको जानकारी प्राप्त भए पनि काठमाडौंँदेखि हेटौंडासम्म चल्ने सवारी साधनहरुले नियम विपरीत झण्डै दोब्बर भाडा लिने गरेको पाइयो । सबै टिकट काउन्टरहरुमा भाडा सूची राखिएको तर केहीबाहेक सवारी साधनमा भने भाडा सूची नराखिएको, ठूला बसपार्कहरुमा शौचालयको व्यवस्था भए पनि पर्याप्त नभएको, यात्रुहरुलाई सहचालकबाट मर्यादित व्यवहार नभएको, साना सवारी साधनहरुमा आरक्षण सुविधा नरहेको जस्ता तथ्यहरु अनुगमनका क्रममा पाइएको छ । सवारी साधनमा आरक्षण सुविधामा गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामीलाई प्राथमिकता दिएको पाइएन ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६, मा उपभोक्ता अधिकारहरुको राज्यले सुनिश्चितता गर्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै, नेपालको संविधानको धारा ४४ (१) मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र धारा ४४ (२) मा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने उल्लेख गरिएको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सर्वसाधारणलाई सरल एवम् सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउनुपर्ने राज्यको दायित्व हुने उल्लेख गरेको छ ।

अतः आमउपभोक्ताको अधिकार संरक्षणार्थ चाडपर्वको समयमा सर्वसाधारणको आवतजावतलाई सहज, सुलभ, मर्यादित, सुरक्षित र मानव अधिकारमैत्री बनाउन, सवारी साधनमा गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामीलाई प्राथमिकता दिन, आमउपभोक्ताका आधारभुत आवश्यकताका सामग्रीहरुको मूल्य निर्धारण र सहज पहुँचको लागि जिम्मेवार निकायबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउन आयोग तीनै तहका सरकार, स्थानीय प्रशासन, सुरक्षा निकायलगायत सम्बद्ध सबै पक्षलाई आयोगले आग्रह गरेको छ।

# विद्युतीय दुर्घटनाको कारण मृत्यु भएका व्यक्तिहरुको घटनासम्बन्धि गरिएको अनुगमन

नेपाल विद्युत प्राधिकरण, कोशी प्रदेशिक कार्यालयसंग कोशी प्रदेश अन्तर्गत आ.व. २०७८/०७९, २०७९/८० र २०८०/०८१ को तीन वर्ष अवधिमा विद्युतीय दुर्घटनामा भएको मृत्युका घटनाहरुको विवरण माग गरिएकोमा प्राप्त विवरण अनुसार आ.व. २०७८/२०७९ देखि आ.व. २०८०/८१ को अवधिसम्म आ.व. २०७९/८० र २०८०/८१ मा इलाम जिल्लामा देहाय बमोजिम दुई जनाको मृत्यु भएको देखिन्छ।

| दुर्घटनामा मृत्यु भएका मृतकको नाम | ठेगाना | घटना मिति |
| --- | --- | --- |
| तिलक राई | सूर्योदय न.पा. ११, केरावारी | २०८०/०२/२९ |
| कुल बहादुर वि.क. | फाकफोकभूम गा.पा. ६, एकतप्पा | २०८१/०३/०४ |

पहिलो घटनामा पोल स्थापना गर्दा सुरक्षा मापदण्डको पालन नगरेको देखिन्छ, जसको कारण करेन्टको प्रभावले घटनास्थलमै मृत्यु भएको छ। दोश्रो घटनामा, हावाले पोलमा झुन्डिएको तारसँग जडान हुँदा करेन्टको झटका लागेर मृत्यु भएको , जसले सुरक्षा मापदण्डको अभावलाई उजागर गरेको छ।

यस राष्ट्रिय मानव अधिकार आयोगले घटनाबाट, निम्नलिखित सुधारको आवश्यकता महसुस गरेको छः

- सुरक्षा मापदण्डहरूको कडाइका साथ पालन र निगरानी प्रणालीको सुदृढीकरण।
- नियमित मर्मतसम्भार र संरचनाको निरीक्षणमा सुधार।
- नागरिकहरूको जीवन र सुरक्षामा असर गर्ने संरचनात्मक निर्णयमा मानव अधिकारको सम्मान र प्राथमिकता।

आयोगले यस प्रकारका घटनाहरूको पुनरावृत्ति रोक्नका लागि तत्काल कदम चाल्ने र सार्वजनिक संरचनामा आवश्यक सुधारहरूको पक्षमा सहकार्य गर्ने प्रतिबद्धता जनाउँछ।

# भदौ र असोज महिनाको प्रेस नोट

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस-नोट

७ भदौ, २०८१

### भ्रष्टाचारजन्य कसूरमा हदम्यादका आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन नगर्न अनुरोध

भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमा भ्रष्टाचारजन्य कसूरमा हदम्याद आधारमा उन्मुक्ति हुने गरी ऐन संशोधन प्रस्ताव अगाडि बढाइएको भन्ने सम्बन्धमा राष्ट्रिय मान अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यस सम्बन्धमा आज आयोगले हदम्यादका आधार उन्मुक्ति हुने गरी ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशास समितिलाई तपसिल बमोजिम पत्राचार गरेको छ।

डा. टीकाराम पोखरेल
सहसचिव/प्रवक्ता

=====

*श्री राज्य व्यवस्था तथा सुशासन समिति*

*प्रतिनिधिसभा*

*विषय : भ्रष्टाचार निवारण ऐन, २०५९ को संशोधन विधेयक सम्बन्धमा।*

*उपर्युक्त सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक भ्रष्टाचारजन्य कसूरमा त्यस्तो कार्य भएको थाहा पाएको मितिले पाँच वर्षभित्र मुद्धा चलाउनुपर्नेछ भ गरिएको संशोधन प्रस्तावप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। भ्रष्टाचारजन्य कार्य जुनसु अवधिमा गरेको भए पनि त्यो गम्भीर अपराध भएको र त्यस्तो विषयमा हद म्यादकै कारणले भ्रष्टाचारज कसुर गर्नेले उन्मुक्ति पाउने संभावना बढ्नुका साथै सुशासन र मानव अधिकारको उपभोगमा सम बाधा उत्पन्न हुन जान्छ। अतः भ्रष्टाचार गर्ने व्यक्तिलाई हदम्याद समेतका आधारमा उन्मुक्ति हुने ग ऐन संशोधन प्रक्रिया अगाडि नबढाउन आयोग समितिलाई अनुरोध गर्दछ।*

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

१४ भदौ, २०८१

### पाँचथर विष्फोटको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण

### दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति देऊ।

पाँचथरको फालेलुङ गाउँपालिका - ५ डाँडागाउँस्थित आइतराज केरुङको घरमा हिजो विष्फोटक पदार्थ विष्फोट हुँदा दुई वर्षीया प्रिन्सा साँबा र ११ वर्षीय दिप्सन साँबाको ज्यान जानुका साथै १० वर्षीय पवन राई र ७ वर्षीय दिपशन राई घाइते भएको भनी बिभिन्न सञ्चार माध्यमबाट प्रकाशन प्रशारण भएका समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको कोशी प्रदेश कार्यालयले उक्त घटनाको अनुगमन गरिरहेको छ।

बालिबालिकाहरु घरछेउमा खेल्ने क्रममा विष्फोटक पदार्थ विष्फोट हुँदा चार जना बालबालिका घाइते भएको, घाइतेमध्ये दुई वर्षीया बालिका प्रिन्सा साँवाको उपचार गर्न लैजाने क्रममा बाटोमै मृत्यु भएको, अर्को ११ वर्षीय बालक दिप्सन साँवाको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको र अन्य घाइतेहरुको पाँचथर जिल्ला अस्पतालमा उपचार भइरहेको आयोगको अनुगमनबाट पाइएको छ।

विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.१.४ मा 'दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरुको रेखाङ्कन, भण्डारण तीस दिनभित्र एक अर्कालाई जानकारी दिने र साठी दिनभित्र निष्क्रृय र निर्मूल गर्न एक अर्कालाई सहयोग गर्नेछन्' भन्ने उल्लेख गरिएको परिप्रेक्ष्यमा पाँचथरमा भएको विष्फोट द्वन्द्वकालमा द्वन्द्वरत पक्षबाट जथाभावी छाडिएका विष्फोटक पदार्थ हुनसक्ने आशङ्का रहेको छ। विस्तृत शान्ति सम्झौता भएको अठार वर्ष पुरा हुन लाग्दा समेत न्यायको पर्खाइमा रहेका सशस्त्र द्वन्द्वकालका पीडितहरुले न्याय पाउन नसकेको र आयोगले पटकपटक यस प्रकारका विष्फोटक पद्वार्थ हटाउन र त्यसको प्रगति आयोगमा जानकारी गराउन सिफारिस समेत गरेको सन्दर्भमा विष्फोटको घटनाबाट बालबालिकाले ज्यान गुमाउनुपर्ने अवस्थाको सिर्जना हुनु अत्यन्त दुःखद् हो।

अतः निर्दोष बालबालिकाको ज्यान जाने गरी भएको उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारवाही गर्न, घाइतेको निशुल्क र प्रभावकारी उपचारको व्यवस्था मिलाउन, घाइते तथा मृतकका परिवारलाई क्षतिपूर्तिको व्यवस्था गर्न र जथाभावी छोडिएका यस्ता विष्फोटक पदार्थहरु निष्क्रृय पारी पुनः यस प्रकारका घटना दोहोरिन नदिन आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।

डा. टीकाराम पोखरेल
सहसचिव प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

# भदौ र असोज महिनाको प्रेस नोट

**राष्ट्रिय मानव अधिकार आयोग**
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

२१ असोज, २०८१

### संवैधानिक आयोगहरुबिच समन्वय र सहकार्यसम्बन्धी उच्चस्तरीय समन्वय समितिको बैठक तथा छलफल

राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी अन्य संवैधानिक आयोगहरुबिच समन्वय र सहकार्यको सम्बन्धमा नीतिगत कार्य गर्ने उच्चस्तरीय समन्वय समितिको बैठक राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष एवम् समितिका संयोजक तपबहादुर मगरको संयोजकत्वमा मिति २०८१ असोज २० गते बस्यो । बैठकले स्रोत प्राप्ति र परिचालनका लागि संयुक्त पहल गर्ने, नीतिगत निर्णयका विषयहरुमा साझा धारणा निर्माण गर्ने, आयोगहरुको सिफारिस कार्यान्वयनका लागि सामूहिक पहल गर्ने, आयोगहरुको संरचनात्मक सुधारका लागि अध्ययन गर्ने, कानूनी संशोधनका विषयमा साझा धारणा निर्माण गर्ने, सबै संवैधानिक आयोगहरुको सम्पर्क मन्त्रालय एउटै हुने व्यवस्थाका लागि पहल गर्ने, आयोगहरुले पेश गरेको वार्षिक प्रतिवेदनउपर संसद्मा छलफल हुने व्यवस्थाका लागि पहल गर्ने र आयोगहरुको कर्मचारी दरबन्दीका विषयमा साझा धारणा निर्माण गर्ने निर्णय गऱ्यो ।

बैठकमा आदिबासी जनजाति आयोगका अध्यक्ष, रामबहादुर थापा मगर, थारु आयोगका अध्यक्ष, विष्णुप्रसाद चौधरी, मुस्लिम आयोगका अध्यक्ष, समिम मियाँ अन्सारी उपस्थित हुनुहुन्थ्यो । यसैगरी बैठकमा राष्ट्रिय समावेशी आयोगका सदस्य हरिदत्त जोशी, राष्ट्रिय दलित आयोगका सदस्य सुन्दर पुर्कुटी, मधेशी आयोगका सदस्य जीवछ साह सहभागी रहनु भएको थियो ।

बैठकमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्यहरु सूर्य प्रसाद शर्मा ढुङ्गेल, मिहिर ठाकुर, मनोज दुवाडी, लिली थापा एवम् राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेल समेतको उपस्थिति रहेको थियो ।

डा. टीकाराम पोखरेल
सहसचिव /प्रवक्ता

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org, [illegible]
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC




राष्ट्रिय मानव अधिकार आयोग - नेपाल
हरिहर भवन, पुल्चोक, ललितपुर, नेपाल
जि.पि.ओ. : ९१८२, काठमाडौं नेपाल
फोन नं. ००९७७-(०)१-५०१००१५
फ्याक्सः ००९७७ -(०)१ -५५४७९७३
इमेलः nhrc@nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग नेपाल, फेला पार्न स्क्यान गर्नुहोस् ।



## संकलन/ सम्पादन मण्डल

कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
नेत्रबहादुर गौतम
पवन भण्डारी
सुप्रिया गुप्ता